# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्था. २०७३

☎ ०११६६९११८
lisankhupakharmun@gmail.com
www.lisankhupakharmun.gov.np
www.fb.com/lisankhupakharmun

पत्र संख्या :- प्र. ०७९/८०
च.नं.: ९८

मिति : २०७९/०४/११

विषय : **कोपोमिस प्रणालीमा सहकारीको तथ्याङ्क प्रविष्ट गर्ने सम्बन्धमा ।**

**श्री सहकारी संस्था सबै**
लिसंखु पाखर गाउँपालिका ।

सहकारी विभाग (प्रशासन तथा सहकारी प्रवर्धन शाखा) को प.सं.०७८/७९ च.नं १३९० मिति २०७९/०३/०१ को कोपोमिसमा सहकारीको सूचना अभिलेखीकरण गरेका संस्थाहरुको करचुक्ता सम्बन्धमा पत्र, च.नं. १४०३ मिति २०७९/०३/०१ को कोपोमिस प्रणालीमा सहकारीको तथ्याङ्क प्रविष्ट गर्ने गराउने पत्र, कोपोमिस प्रणालीमा सहकारी संस्थाले अनिवार्य प्रविष्ट गर्नुपर्ने समष्टिगत विवरण भर्ने तरिका र अनिवार्य प्रविष्ट गर्नुपर्ने विवरण यसै पत्रसाथ संलग्न छ । व्यहोरा अवगत गर्नुभई सोही बमोजिम गर्नु गराउनु हुन सूचित गरिन्छ ।

**परिक्षित बहादुर मगर**
नि. प्रमुख प्रशासकीय अधिकृत
**नि. प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ:

सहकारी विभाग, प्रशासन तथा सहकारी प्रवर्धन शाखा, नयाँ बानेश्वर,काठमाडौं ।

श्री सूचना प्रविधि शाखा : Facebook page / Website मा upload गरिदिनु हुन ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल।

पत्र संख्या : ०७८।७९
चलानी नं. : १२५०
प्राप्त पत्र संख्या र मिति :

मिति:२०७९/०३/०१

श्री महानिर्देशकज्यू,
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।

विषय: COPOMIS मा सहकारीको सूचना अभिलेखीकरण गरेका संस्थाहरुको करचुक्ता सम्बन्धमा।

नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय र सम्बद्ध अन्य सरोकारवाला निकायहरुलाई नियमित एवं आवधिक रुपमा नेपालको सहकारी सम्बन्धी तथ्याङ्क आवश्यकता पर्ने व्यहोरा सर्वविदितै छ। हाल नेपालमा करिब ३०,००० को संख्यामा विभिन्न प्रकृतिका सहकारीहरु रहेका छन्। सहकारी क्षेत्रको यथार्थ तथ्याङ्कको अभावमा प्रभावकारी नीति, योजना, कार्यक्रम निर्माण गर्न समस्या परेको छ। सहकारी क्षेत्रको तथ्याङ्क प्राप्तिको लागि सहकारी संघ/संस्थाहरुले भर्नुपर्ने समष्टिगत विवरण लगायतका अन्य नियमित रुपमा प्रविष्टि गर्नुपर्ने विवरणहरु प्रविष्टिका लागि copomis system तयार गरी www.copomis.gov.np बाट संचालन गरिएको छ। सो सिस्टम विभागको वेभसाइट www.deoc.gov.np मा समेत राखिएको छ।

सहकारी संघ/संस्थाहरुले उल्लेखित विवरण अविलम्ब इन्ट्रि गर्न गराउनको लागि प्रदेश सहकारी रजिष्ट्रार, सबै स्थानीय तह, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिय संघ, प्रदेश सहकारी संघ, विशिष्टिकृत संघ, जिल्ला सहकारी संघहरु समेतलाई २०७९।०२।०९ गते परिपत्र मार्फत अनुरोध गरी सकिएको छ। अतः आगामी आर्थिक वर्षको सहकारी संघ/संस्थाहरुको कर चुक्ता प्रमाण पत्र प्रदान गर्ने क्रममा www.copomis.gov.np मासबै सहकारी संघ/संस्थाले आफ्नो सहकारी संघ/संस्थाको समष्टिगत विवरण अनिवार्य इन्ट्रि गरिसकेपछि सोही प्रणालिमा स्वतः सिर्जना हुने दाखिला नं.(Submission No.) सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश भईसकेपछि मात्र करचुक्ता प्रमाण पत्र दिने व्यवस्थाको लागि तहाँ मार्फत सबै आन्तरिक राजस्व कार्यालयहरुमा परिपत्र गरिदिनु भई सहकारी संघ/संस्थाको तथ्याङ्क प्राप्तिमा आवश्यक सहयोग, समन्वय र सहजिकरण गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

**बोधार्थ:**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार
श्री अर्थ मन्त्रालय, राजस्व महाशाखा, सिंहदरबार
श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबार
श्री राष्ट्रिय सहकारी महासंघ लि., पुल्चोक, ललितपुर
श्री नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि, नयाँ बानेश्वर
श्री राष्ट्रिय सहकारी बैंक लि., कुपण्डोल
श्री नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लि.,ललितपुर
श्री नेपाल कृषि सहकारी केन्द्रिय संघ लि., सानेपा, ललितपुर
श्री विशिष्टिकृत सहकारी संघ लि.,सबै
श्री प्रदेश सहकारी संघ लि. सबै,
श्री जिल्ला सहकारी संघ लि. सबै
- उल्लेख भए अनुसार समष्टिगत विवरण भर्न/भराउन अनुरोध गरिन्छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८।७९
चलानी नं. : १६०७
प्राप्त पत्र संख्या र मिति :

मिति: २०७९/०३/०१

श्री राष्ट्रिय सहकारी महासंघ लि., पुल्चोक, ललितपुर
श्री राष्ट्रिय सहकारी बैंक लि., कुपण्डोल
श्री केन्द्रिय सहकारी संघ लि. सबै
श्री विशिष्टिकृत सहकारी संघ लि.,सबै
श्री प्रदेश सहकारी संघ लि. सबै.
श्री जिल्ला सहकारी संघ लि. सबै ।

विषय: कोपोमिस प्रणालिमा सहकारीको तथ्याङ्क प्रविष्टि गर्ने गराउने सम्बन्धमा ।

उपरोक्त विषयमा यस विभागमा संचालन रहेको कोपोमिस प्रणालीमा समष्टिगत विवरणको अभिलेख अभिवृद्धिका निम्ति तहाँ निकायको कार्यक्षेत्र भित्र पर्ने सहकारी संस्थाहरुको तथ्याङ्क प्रविष्टिको लागि देहायनुसारको व्यवस्था गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल:

१) सहकारीको संस्थाको लेटरप्याडमा नाम, दर्ता नं., फोन नं. र इमेल ठेगाना सहितको पत्र लिई सम्बन्धित सहकारी संस्था रहेको स्थानीय तहमा बुझाई सोही तहबाटै User ID / Log in Password लिई विवरण भर्न लगाउने, **अथवा**

२) सहकारी संस्थाको लेटरप्याडमा दर्ता नं., फोन नं. र इमेल ठेगाना राखी यस विभागको E-mail ठेगाना sahakaribivag@gmail.com मा पठाएपछि विभागले सम्बन्धित संस्थाको E-mail ठेगानामा User ID र Password उपलब्ध गराउनेछ र संस्थाले प्रविष्टि गर्न सक्नेछ, अथवा

३) सम्बन्धित संघले आफू सम्बद्ध संस्थाको तपसिल अनुसारको विवरण Excell Sheet मा तयार गरी सहकारी विभागको E-mail: info@deoc.gov.np/ sahakaribivag@gmail.com, ठेगानामा पठाएपछि विभागले सम्बन्धित सहकारी संस्थालाई User Id र Password उपलब्ध गराउनेछ र संस्थाले आफ्नो विवरण प्रविष्टि गर्न सक्नेछ । सोको जानकारी सम्बन्धित केन्द्रिय संघहरुलाई एकमुष्ठ रुपमा उपलब्ध गराइनेछ ।

| क.स | संस्थाको नाम | दर्ता नं. | फोन नं./मोबाइल नं. | E-mail | Pan No. |
|---|---|---|---|---|---|
| १. | | | | | |

२०७९/३/१
(प्रेम शर्मा)
कम्प्युटर अधिकृत

बोधार्थ:
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सबै-आवश्यक सहयोग, समन्वय र सहजिकरणको लागि अनुरोध छ ।

**कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले वार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण भर्ने तरिका ।**

**पूर्व तयारी:**

- कोपोमीस प्रणाली प्रवेश गर्नका निम्ति आवश्यक लगईन प्राप्त गर्ने । Username र Password नलिएका संघसंस्थाहरुले आ-आफ्नो नियामक वा सहकारी विभागमा सम्पर्क गरि Username र Password लिन सकिनेछ । सहकारी विभागको इमेल sahakaribivag@gmail.com मा संघसंस्थाको नाम, दर्ता नम्बर र आधिकारिक इमेल ठेगाना सहित संस्थाको लेटर प्याडमा पत्र पठाउनुहोला ।
- यस भन्दा पहिलेनै पासवर्ड प्राप्त गरिसक्नुभएको र COPOMIS प्रवेश (लगइन) गर्न असमर्थ हुनुभएमा copomis.gov.np मा गई पासवर्ड भुल्नुभयो भन्ने रातो अक्षरमा लेखीएको लिंक click गरी आफ्नो संस्थाको इमेल ठेगानामा पासवर्ड reset link प्राप्त गर्न सक्नुहुनेछ ।
- कोपोमीसमा रहेको समष्टीगत फाराममा भर्नुपर्ने विवरणहरु पहिचान गरी आफ्नो संस्थाको विवरण संकलन गरि एकिन गर्नुपर्दछ ।

**फाराम भर्ने विधि:**

१. सहकारी संघ संस्थाले पछिल्लो उपलब्ध विवरण अनुसार आर्थिक वर्ष र महिना छान्नुपर्दछ ।

२. सहकारी संघ/बैंक/संस्थाको नाम *, कार्य प्रकृति**, दर्ता मिति **, प्रदेश **, जिल्ला **, न.पा/गा.पा. **, ठेगाना, स्विकृत विनियममा उल्लेख भएको कार्यक्षेत्र, संस्थाको पान नं./भाट नं. र ईमेल ठेगानामा डाटा स्वत: प्रविष्टि भएर आउँछ । **उक्त डाटा समेत रुजु गरी मिलाउनुहोला** ।

३. अंक भर्नुपर्ने सबै ठाउमा **Roman English** (eg, 1 or 2 or any Numeric Value) मा संस्थाको आधिकारिक तथ्याङ्क प्रविष्टी गर्नुपर्दछ ।

४. ** (एस्ट्रीक) चिन्ह लगाएका सबै विवरण अनिवार्य भर्नुपर्ने हुन्छ । उक्त विवरणहरु नभरेमा system ले रातो अक्षरमा message दिनेछ ।

५. फाराममा संख्या/रकम लगायत विवरण अनिवार्य भर्नुपर्ने भनि उल्लेख भएको तर संस्थामा सो विवरण नभएको अंक प्रविष्टी गर्नुपरेमा 0 लेखी अघी बढ्नुहोला ।

६. तोकिएका विवरणहरु भरेपश्चात हरियो रंगमा **सुरक्षित गर्नुहोस** भनि लेखिएको button click गर्नुहोला । सो पश्चात प्रविष्टि भएको समष्टिगत विवरण देख्नुहुनेछ । उक्त विवरण सच्चयाउनुपरेमा **edit data** click गर्न सक्नुहुनेछ । डाटा ठिक भएको एकिन गरि हरियो रंगमा लेखिएको **डाटा लक गरि आबद्धता नं प्राप्त गर्नुहोस** भन्ने button click गरेर कोपोमीस आबद्धता नं प्राप्त गर्नुहोला ।

७. सबै विवरणहरु ठिक, साँचो र शुद्ध तरिकाले भर्नुहोला । तपाईंले प्रविष्टी गरेको तथ्याङ्क काल्पनिक भएको पत्ता लागेमा कानून बमोजिम कारवाही हुनेछ ।

८. COPOMIS System मा समष्टिगत विवरण भर्न प्राविधिक समस्या वा कठिनाई भएमा कार्यालय समयमा निम्न फोन नं. हरुमा सम्पर्क गर्न सक्नुहुनेछ ।

सम्पर्क नं. : +९७७-१-४४६५३६२, ४४६११७७

CoPoMIS Unit: ०१४४६५२५१/ ०१४४६५२५२

रजिष्ट्रार

कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले बार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण ।

| | |
|---|---|
| सहकारीको संघसस्थाको नाम | |
| ठेगाना | |
| दर्ता नं | |
| दर्ता मिति | |
| कार्यक्षेत्र | संघः.......... प्रदेश.........जिल्लाः.........न.पा./गा.पा.:........ |
| कार्य प्रकृति | |
| नियामक निकाय | |
| आवद्द भएको संघ | |
| कर चुक्ताभएको | आ.व.................... |
| सस्थाको पाननं/भ्याट नं | |
| संस्थाको सम्पर्क नं | |
| संस्थाको ईमेल ठेगाना | |
| पछिल्लो साधारण सभा भएको मिति | २०..।..।.. |
| साधारण सभामा सहभागी | महिलाः....... पुरुषः....... अन्यः.......संस्थागतः........ जम्माः....... |
| संचालक समितिको तथा लेखा सुपरीवेक्षण समितिको पछिल्ले निर्वाचन मिति | २०..।..।.. |
| निर्वाचनमा सहभागी | महिलाः.......पुरुषः.......अन्यः........ संस्थागतः........ जम्माः....... |
| संचालक समितिको सदस्य संख्याः | महिलाः.......पुरुषः.......अन्यः........ संस्थागतः........ जम्माः....... |
| कूल शेयर सदस्य संख्याः | महिलाः.......पुरुषः.......अन्यः........ संस्थागतः........ जम्माः....... |
| कूल शेयर पुंजी रु. | |
| कूल बचत रु. | |
| कुल बाह्य ऋण रु. | |
| कूल ऋण लगानी रु. | |
| अन्य लगानी रु | |
| कूल सम्पत्ति रु. | |
| जगेडा कोष रु. | |
| सहकारी प्रवर्द्धन कोष रु. | |
| अन्य कोष रु. | |
| कर्मचारी संख्या जम्मा | महिलाः.............. पुरुषः................. अन्यः........... |
| ऋणीको संख्या जम्मा | महिला .............. पुरुषः.............. अन्यः........... |
| उत्पादन मूल्य रु. | |
| खरीद मूल्य रु. | |
| बिक्रि मूल्य रु. | |
| जम्मा कारोबार मूल्य रु. | |
| जम्मा सेवा मूल्य रु. | |
| जम्मा सेवा प्राप्त गर्नेको संख्या | महिलाः......... पुरुषः......... अन्यः........... संस्थागतः.............. |
| अनुदान प्राप्त रकम रु. | सरकारीः............ अन्यः.................. |

कोपोमिस प्रणालीमा सहकारी संघ/संस्थाहरुले बार्षिक रुपमा अनिवार्य प्रविष्टी गर्नुपर्ने समष्टिगत विवरण ।

| | |
|---|---|
| लेखापरीक्षणको अवस्था | भएको: ..................... आ.व..................... नभएको .............. |
| लेखा परीक्षण गर्ने व्यक्ति वा संस्थाको नाम: | |
| लेखा परीक्षकको पान नं/भ्याट नं | |
| सम्पत्ति शुद्दिकरण सम्बन्धि | अन्तरिक नीति तथा कार्यविधी बनेको:छ/ छैन<br>STR/TTR सम्बन्धि प्रतिवेदन गरेको छ/छैन<br>जोखिम मुल्यांकन प्रतिवेदन गरेको: छ/ छैन<br>कार्यान्वयन अधिकारीको नाम:.........................<br>पद:......................................... |
| संघसंस्थाको अध्यक्षको नाम | |
| संघसंस्थाको अध्यक्षको सम्पर्क नं | |
| संघसंस्थाको व्यवस्थापकको नाम | |
| संघसंस्थाको व्यवस्थापकको सम्पर्क नं | |